नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(......................... फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय, ४५५०८८ फ्याक्स, ४५६१९१ कार्यालय, ४५६१९७ प्रजिअ आवास, ४५५१६६, ४५५०६६, ४५५९८८

पत्र संख्या :- ०७८/७९
चलानी नं. :-

मिति २०७९/०१/०५

## पुरानो जिन्सी सामानहरु लिलाम बिक्री सम्बन्धी सूचना

*(दोस्रो पटक सूचना प्रकाशन भएको मितिः २०७९/०१/०५)*

यस कार्यालयको जिन्सी खातामा आम्दानी रहेका निम्न पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०७ बमोजिम गठित मूल्यांकन समितिको मिति २०७८/१२/२३ गतेको सिफारिस र यस कार्यालयको मिति २०७८/१२/२८ को निर्णय अनुसार लिलाम बिक्री गर्न सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. जिन्सी सामान खरिद गर्न इच्छुक व्यक्ति, फर्म/कम्पनीले फारम खरिद गर्दा फर्म/कम्पनी दर्ता प्रमाणपत्र, फर्म/कम्पनी नवीकरणको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि मू.अ.कर/पान दर्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।
२. जिन्सी सामान खरिद गर्न इच्छुक व्यक्तिले यो सूचना जारी भएको मितिले ४ औं दिनको दिनका १२:०० बजेसम्म यस कार्यालयमा सम्पर्क गरी रु. १०००/- (एक हजार मात्र) फिर्ता नहुने गरी बुझाई सोको सक्कलै भौचर पेश गरी फाराम खरिद गर्न सकिनेछ र सोही दिन दिनको ४:०० बजे जिल्ला प्रशासन कार्यालय, झापामा डाँक बढाबढ हुनेछ।
३. डाँक बढाबढ गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य हुनेछ।
४. लिलाम सकार गर्न डाक बोल्नु अघि नै मूल्यको ५% प्रतिशतले हुन आउने धरौटी रकम धरौटी खाता नं. २२१०१००१०२०३०००, कार्यालय कोड नं. ३१४९२१२०३ मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ र डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ।
५. जिन्सी सामानहरुको एकमुष्ठ मूल्य रु. १३,६१२/- (तेह्र हजार छ सय बाह्र मात्र) मू.अ.कर बाहेक कायम गरिएको छ।
६. सम्बन्धित इच्छुक फर्म, कम्पनी वा व्यक्तिले लिलाम हुने मालसामान हेर्न चाहेमा तथा विस्तृत जानकारीको लागि यस कार्यालयको स्टोर/लेखा शाखामा सम्पर्क राख्न सकिने छ।
७. डाँक बढाबढ स्वीकृत भएको १५ दिनभित्र सामानहरु उठाइ लैजानु पर्नेछ। नलगेमा धरौटी रकम जफत हुनेछ।
८. यस सूचनामा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, नियमावली, २०७७ र प्रचलित ऐन तथा नियमावली बमोजिम हुनेछ।

प्रशासकीय अधिकृत